**मिति २०७५ फाल्गुन २७ गते सोमबार बिहान ११ बजे शिक्षा शाखाको बैठक हलमा यस कीर्तिपुर नगरपालिकाका नगर उप-प्रमुख तथा प्रवक्ता श्री सरस्वती रिजाल खड्का ज्यूद्वारा नगरपालिकाको आ.व. २०७५/०७६ फाल्गुन महिनामा भए गरेका गतिविधिहरु बारेमा विभिन्न मिडियाहरु मार्फत सार्वजनिकिकरण कार्यक्रमको लागि तयार पारिएको प्रतिवेदन ।**

## १. सहकारी शाखा

यस सहकारी शाखाबाट चालू आ.व. ०७५/०७६ को माघ २२ गतेदेखि फागुन २३ गते सम्म भए गरेका प्रगति प्रतिवेदन तपशिल बमोजिम पठाएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपशिल बमोजिमका विषयहरुमा आवश्यक परामर्श तथा समन्वय भएका विषयहरु:

१) प्रारम्भिक सहकारी संस्था दर्ताको निर्णय गरी प्रमाणपत्र उपलब्ध गराउने,
२) सहकारी संस्थाहरुको बिनियम संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ,
३) सहकारी संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिको स्वीकृत प्रदान गर्ने ।
४) सहकारी संस्थाहरुको निरीक्षण गरी कमी कमजोरी वा कैफीयत सुधार गर्न सुझाव,निर्देशन दिने लगायतका नियमन जन्य कार्य,
५) गुनासा तथा उजुरीको सुनुवाई गरी समस्या समाधानको पहल गर्ने,
६) सहकारी संस्थाहरुको एकीकरण, विभाजन, खारेजी तथा लिक्वीडेशन सम्बन्धि कार्य गर्ने,
७) सहकारी संस्थाहरुलाई प्रचलित नियमानुसार छुट तथा अन्य सुविधा उपलब्ध गराउने,
८) तालिम तथा अन्य सचेतनामूलक कार्यक्रममा सहभागी हुने, साथै त्यस्ता कार्क्रम संचालनका विषयमा परामर्श दिने,
९) सहकारी प्रवर्द्धनमा टेवा पुर् याउने,

कार्य सम्पादन विवरणलाई संख्यात्मक रुपमा यस प्रकार प्रस्तुत गरिएको छ ।

| सि.नं. | कार्यक्रम/योजनाको नाम | कार्यक्रम/कामको उद्देश्य | कार्यक्रमको प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | अ.दु.अ.आ. मा परेको उजुरीका विषयमा छानविन उपरको विवरण प्राप्ति | उजुरी उपरको छानबिन | १६ | |
| २ | मासिक प्रतिवेदन प्राप्ति | संस्थाहरुको नियमन | २५ | |
| ३ | सहकारी तथा गरिवी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली - कोपोमिस (COPOMIS) सम्वन्धी अनुशिक्षण कार्यक्रम | कोपोमिस (COPOMIS) वारे जानकारी गराउने । त्यसको पासवर्ड वाँड्ने | १ | |
| ४ | अ.दु.अ.आ. मा परेको उजुरीका विषयमा छानविन उपरको विवरण माग | उजुरी उपरको छानबिन | २ | |
| ५ | साधारण सभाको प्रतिवेदन प्राप्ति | संस्थाहरुको नियमन | ५ | |
| ६ | विनियम संशोधन माग निवेदन | संस्थाको कार्य सहजताका लागि । | १ | |

## २. सामान्य प्रशासन शाखा

**प्रशासनको २०७५ साल माघ २५ देखि फाल्गुन २६गते सम्म भएका र भैरहेका कामको प्रगति प्रतिबेदन**

१) बजार क्षेत्रमा भएको पुटपाथ अतिक्रमण सम्बन्धित वडा कार्यालय, नगर प्रहरी र  नेपाल प्रहरीको सहयोगमा हटाउने कार्य नियमित रूपमा भैरहेको ।

२) ना.सु.वा सो सरह पदको लोक सेवा तयारी कक्षा संचालनका लागी सहभागीहरूको छनौटका लागी सबै वडामा पत्राचार गरीएकोमा वडाबाट छनौट भएका र नगरपालिकाबाट छनौट भएका समेत सबैको लागी तयारी कक्षा कीर्तिपुर मा.बि. नगाउमा संचालन भैरहेको।

३) दैनिक रूपमा प्रशासनिक कार्यहरू सहज, सरल र पारदर्शिढंगबाट सम्पादन हुदै आएको छ ।

४) अधिकांश सेवाहरू (राजस्व संकलन कार्य समेत)  वडा कर्यालय मार्फत सहज रूपमा उपलब्ध भैरहेको ।

५) आवश्यकता अनुसार सामान्य प्रशासन समितिको बैठक नियमित रूपमा हुदै आएको छ ।

६) कर्मचारीहरूको दैनिक हाजिर अध्यावधिक नियमित रूपमा गर्ने गरिएको ।

७) दैनिक रूपमा आईपर्ने सम्पुर्ण प्रशासनिक कार्यहरू सहज,सरल तरिकाले सम्पादन गर्ने गरिएको छ

८) अपाङगता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ भै कार्यविधिले व्यबस्था गरे बमोजिम स्थानीय समन्वय समितिको बैठक मिति २०७५ साल माघ २७ गते सम्पन्न गरिएको ।

९) नगर बासिहरुको बृहत्तर हितको लागी स्वास्थ्य परिक्षणलाई  के कसरी सर्वसुलभ गराउन सकिन्छ भन्ने उदेश्यका साथ उप प्रमुख श्री सरस्वती खड्का,स्वास्थ्य समितिका संयोजक श्री हर्ष महर्जन सहितको टिम र ललितपुर स्थित नेपाल मेडिसिटि अस्पताल व्यबस्थापनका डा. उपेन्द्र महतो सहितको टिमसंग छलफल गरी नगरबासीहरूको स्वाश्थ्य परिक्षणमा १० प्रतिशत छुट दिने गरी दुई पक्षिय संझौता गरियो ।

१०) वडा नं. ४ मा सार्बजनिक बाटोमा अबरोध हुने गरी बाटोमा लगाईको तारबार नगर प्रहरीको संलग्नतामा हटाउने कार्य गरीएको ।

११) बिभिन्न निकायमा नगरपालिकाले गरेका निर्माण कार्य लगायतका काम कार्वाहीहरूका बिरूद्द परेका उजुरीहरू उपर  छानबिन प्रतिबेदन तयार गरी पठाईएको ।

१२) अपाङगता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ अनुसार परिचय पत्र छपाईको कार्य भैरहेको ।

## ३. स्वास्थ्य शाखा

१) महिला स्वास्थ्य स्वयम सेविका अर्धबार्षिक गोष्ठी सम्पन्न ।

२) MMDP Programme स्वास्थ्य चौकी प्रमुख तहको तालिम सम्पन्न ।

३) ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको मधुमेह र उच्च रक्तचापका बिरामीहरुलाई नि:शुल्क औषधि वितरण सम्बन्धि स्वास्थ्य चौकी प्रमुख र वडा अध्यक्ष सहितको अभिमुखिकरण कार्यक्रम  सम्पन्न ।

४) मेरोबर्ष अभियान १ दिने सचेतना कार्यक्रम ६ वटा स्वास्थ्य सस्थामा सम्पन्न ।

५) यस कीर्तिपुर नगरपालिका अन्तर्गत रहेका बिष्णुदेबी अस्पताल, तथा लायकु, चिट्ठुबिहार, बाहिरी गाँउ, पाँगाबालकुमारी, चम्पादेबी, चोभार र पालीफाल स्वास्थ्य चौकी लगायत ३ वटै शहरी स्वास्थ्य केन्द्रमा नेपाल सरकारद्वारा संचालित नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि उल्लेखित सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई औषधि वितरण सम्पन्न ।

## ४. सामाजिक विकास शाखा

### २०७५ फागुण महिनामा सामाजिक विकास शाखाबाट सम्पादित कार्यहरुको विवरण

- ✓ मेयर खेलकूद विकास कार्यक्रम अन्तर्गत कीर्तिपुर  नगरपालिकाका १० वटा सामुदायिक विद्यालयका छात्रछात्राहरुलाई फूटबल, भलिबल, व्याडमिन्टन, टेवल टेनिस र चेस गरी पाँच वटा खेल बिधामा प्रशिक्षण कार्यक्रमको  मिति २०७५/११/१ मा औपचारिक शुभारम्भ ।
- ✓ कीर्तिपुर ब्याडमिन्टन क्लबको आयोजनामा मिति २०७५/१०/१९  देखि २०७५/१०/२६ सम्म कीर्तिपुर, चन्द्रागिरी र दक्षिणकाली नगरपालिका स्तरीय खुल्ला ब्याडमिन्टन प्रतियोगिता सञ्चालनको लागि क्लबको तर्फबाट सहयोग माग भै आएकोमा सहयोगार्थ प्रकिया अगाडि बढाइएको ।
- ✓ एकिकृत शहरी विकास केन्द्रलाई "GIS based database of the streets in Kirtipur Municipality" कार्यक्रम कार्यान्वयनको लागि सम्झौता भए बमोजिम  पहिलो किस्ता बापत रु.१,८०,०००।– निकासा
- ✓ कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई एक एक दिन गरी जम्मा दुई दिने **सकारात्मक सोचमा आधारित जन केन्द्रित विकास अवधारणा विषयक प्रशिक्षण,**
- ✓ **मे**यर खेलकूद विकास कार्यक्रम अन्तर्गत प्रशिक्षण कार्यको लागि आवश्यक खेलकूद सामग्री  प्रचलित ऐन बमोजिम खरिद प्रकृया पुरा
- ✓ कीर्तिपुर  नगरपालिकाको आयोजना तथा एकिकृत शहरी विकास केन्द्र (CIUD) को प्राविधिक सहयोगमा मिति २०७५/११/६  र  ७ गते कीर्तिपुर नगरका यूवाहरुलाई लक्षित गरी प्रस्ताव लेखन (Propsal Writing) तालिम सम्पन्न
- ✓ ३ वटा सँस्था दर्ताको लागि सिफारीश
- ✓ युद्ध स्मृति उद्यान निर्माणार्थ ३ नं. प्रदेशका माननीय सांसद केशव स्थापितज्यूको नेतृत्वमा कलाकारहरुको टोली सहित निर्माण स्थलको स्थलगत भ्रमण
- ✓ House Keeping तालिमको लागि सहभागीहरुको नामावली संकलन
- ✓ वडा नं. २ को आयोजनामा हुने नर्सरी तालिमको लागि प्रकृया शुरु
- ✓ सफलताको सारथी नामक सँस्था मार्फत २५ जना कृषक तथा पुष्प व्यवसायीहरुलाई फूल खेती तालिम प्रदान
- ✓ मिति २०७५/११/८ मा नगरपालिकाको आयोजना र सिविन नेपालको प्राविधिक सहयोगमा बाल संरक्षण समितिका पदाधिकारी तथा सरोकारवालाहरु बीच अर्न्तकृया कार्यक्रम
- ✓ एम्बुलेन्स सञ्चालनार्थ नयाँबजार क्लबलाई सहयोग गर्नको लागि प्रकृया थालनी
- ✓ नगरपालिकाका्को आयोजना तथा राष्ट्रिय अपाङ्गता पुनर्स्थापन केन्द्र प्राविधिक नेपालको सहयोगमा वडा नं. ७ स्थित भाजंगालमा सि.वि.आर. सम्पन्न
- ✓ सामाजिक विकास समिति, भाषा, सम्पदा, सँस्कृति, ललितकला एवं पर्यटन समितिको नियमिति बैठक
- ✓ मेयर खेलकूद कार्यक्रमको लागि प्रशिक्षकहरुसंग आवश्यकता अनुसार बैठक
- ✓ महिला लक्षित कार्यक्रम सञ्चालनार्थ सामाजिक विकास समित र महिला जनप्रतिनिधिहरु बीच संयुक्त बैठक
- ✓ करिब ५० जना ईच्छुक सहभागीहरुलाई ना.सु. स्तरको लोक सेवा तयारी कक्षा सञ्चालनको लागि चैतन्य एकेडेमी नेपाल संग सम्झौता भै कक्षा शुरु
- ✓ आगामी महिना आयोजना हुने महिला महोत्सव तयारी बैठक

- ✓ Tour guide training and preparation: 8 sessions
- ✓ Meetings with various stakeholders: Himalayan Encounters, Nepal Tourism Board, Forget Me Not, Kirtipur Community Homestay, Homestay Association, our Kirtipur, Sabah Nepal
- ✓ Completed AVI Assignment Plan
- ✓ Completed draft grant application
- ✓ Prepared and delivered proposal for Kirtipur tourism event with stakeholders (Anuj)
- ✓ Completed research into tourism trends and data for Sales & Marketing Plan
- ✓ Preparation for SWOT analysis
- ✓ Preparing baseline tourism measures for Sales & Marketing Plan (in progress)
- ✓ Preparing draft Sales & Marketing Plan (in progress )

## ५। पशु विकास शाखा

यस कीर्तिपुर नगरपालिकाको पशु विकास शाखाबाट कृषकहरुलाई प्रदान गरिएको मंसिर महिनाको प्रगति विवरण

- ➢ मेडिकल उपचार —१७४
- ➢ माइनर सर्जिकल —८
- ➢ मेजर सर्जिकल —०
- ➢ गाईनो —४
- ➢ छाला रोग परिक्षण —०
- ➢ थुनेलो परिक्षण —३
- ➢ कृतिम गर्भाधान —६७
- ➢ भ्याक्सीनेसन (खोरेतो) —०
- ➢ भ्याक्सीनेसन (रेविज) — ०
- ➢ विमा गरिएको पशु संख्या — १०
- ➢ बाख्रा पालन सम्बन्धी तालिम —०

## ६. शिक्षा शाखा

**फाल्गुन महिनाको प्रगती**

- ➢ कक्षा ८ को आधारभूत तहको वार्षिक नगरस्तरिय परिक्षा फारम भराउने काम सम्पन्न ।
- ➢ २ कक्षा थप, कक्षा संचालन सम्वन्धी विभिन्न विद्यालयहरुको निरिक्षण र अनुगमन ।

- ३ विद्यालयहरुको लागी पाठ्यपुस्तक, भौतिक सुविधा, इन्टरनेट जडान, हरित विद्यालय तयारी तथा कार्यक्रम कार्यन्वयन पुस्तकाको नियमित वजेट अनुसार निकासा तयार गरी कि. न. पा. लेखा शाखामा पेश गरिएको ।
- ४ विभिन्न निकायगत सिफारिस ।
- ५ कक्षा ८ को वार्षिक परिक्षको फारम अनलाइनवाट भराउन EMIS अभिमुखिकरण कार्यक्रम ।
- ६ नियमित वजेट निकासाको तयारी ।
- ७ कक्षा ८ को परिक्षा संचालन वैठक तथा आधारभूत निर्णयहरु ।
- ८ संस्थागत तथा सामुदायिक विद्यालयहरुको अनुगमन ।
- ९ उज्ज्वल माध्यामिक विद्यालयमा संस्थागत विद्यालयहरुको प्र. अ. हरुको वैठक सम्पन्न ।
- १० जनसेवा माध्यामिक विदयालयमा स्रोतकेन्द्र स्तरिय वैठक ।
- ११ प्रश्नपत्र निर्माण अभिमुखिकरण कार्यक्रम ।
- १२ प्रश्नपत्र परिमार्जन तथा मडुरेशन ।

## ७. आर्थिक विकास शाखा

**जम्मा बजेटः- ८३०३,००,०००/-**
**खर्चः- २०,७४,५३,०००/-**
**खर्च प्रतिशतः- २४.९८%**

| | **वार्षिक बजेट** | **हालसम्मको खर्च** | **कैफियत** |
|---|---|---|---|
| **१.चालु खर्च** | ३३,२३,००,००० ( ३३ करोड २३ लाख ) | १२,०७,११,४३२.८६ ( १२ करोड ७ लाख ११ हजार ४ सय ३२ रुपैयाँ ८६ पैसा मात्र) | ३६.३२ % |
| **१.१ पारिश्रमिक सुविधा** | | ९,९२,६०,५७०.६७ | |
| **१.२ मालसामान तथा सेवा उपभोग** | | ३९,४१,६६२.१९ | |
| **१.३ अनुदान** | | २०,००,०००/- | |
| **२.पुँजीगत खर्च** | ४९,८०,००,००० ( ४९ करोड ८० लाख) | ८,६७,४२,५७४.०२ ( ८ करोड ६७ लाख ४२ हजार ५ सय ७४ रुपैयाँ पैसा २८ मात्र) | १७.४१% |
| **२.१ आर्थिक विकास क्षेत्र** | ४,३९,००,००० (४ करोड ३९ लाख) | १९,९३,९४३/- ( १९ लाख ९३ हजार ९सय त्रिचालिस रुपैयाँ मात्र ) | |
| **२.२ सामाजिक विकास क्षेत्र** | ९,१४,५५,००० (९ करोड १४ लाख ५५ हजार) | ७२,७४,८३०.२६ (७२ लाख ७४ हजार ८ सय ३० रुपैयाँ २६ पैसा ) | |
| **२.३ पूर्वाधार विकास** | २१,१३,४५,००० | ५,६९,६३,४९१.५७ | |

| | | | |
|---|---|---|---|
| क्षेत्र | ( २१ करोड १३ लाख ४५ हजार) | ( ५ करोड ६९ लाख ६३ हजार ४ सय ९१रुपैयाँ पैसा ५७ मात्र ) | |
| २.४ वातावरण विपद् व्यवस्थापन | २,०५,००,००० ( २ करोड ५ लाख) | ४,२१,५०९ /- (४ लाख २१ हजार ५ सय ९ रुपैयाँ मात्र ) | |
| २.५ संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र | ३,९८,००,००० ( ३ करोड ९८ लाख ) | ९६,६०,९८१.५६ (९६ लाख ६० हजार ९ सय ८१ रुपैयाँ पैसा ५६ मात्र ) | |

## ८. राजश्व शाखा (आ.व २०७५/०७६)

| सि.न. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | १० वटा वडा कार्यालयबाट संकलित राजश्व /आम्दानी | ३९,६९,५३६।५८ | |
| २ | नगरपालिकाबाट संकलित नक्सा पास नामसारी दस्तुर | ४५,३८,०३३।०४ | |
| ३ | व्यवसाय दर्ता | २३ वटा | |
| ४ | घ वर्ग ईजाजत पत्र | १ वटा | |

## १०. योजना तथा प्राविधिक शाखा

### १०.१योजना शाखा

➢ नगर स्तरीय योजनाहरुको विवरण

**कीर्तिपुर नगरपालिका**

**आर्थिक बर्ष २०७५/०७६ को पूँजीगत खर्च (योजना तथा कार्यक्रम)**

**२०७५ साल फागुन २२ गतेसम्मको विवरण**

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट (रु) | | | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | निकासा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ल.ई. | न.पा. | उ.स. | | | | |
| १ | जाखा - ईचाखेल - झौको टोल ढल निर्माण | ३५५००० | ३१८००० | १३७००० | २०७५-११-०५ | २०७६-०२-१५ | १००००० | |
| २ | ईन्द्रायणी खेल मैदान निर्माण तथा स्तरोन्नती वडा नं. २ | ३३६५४०० | ३०००००० | ३६५४०० | २०७५-११-२२ | २०७६-०२-१५ | १०००००० | |
| ३ | पाँगा ढोकासी फुटपाथ निर्माण | २४०००००.०० | १९२००००.०० | ४८०००० | २०७५-११-०९ | २०७६-०२-१५ | ६३३६०० | |
| ४ | रमेशको पसलदेखि थापा गाउँ हुँदै चन्द्रागिरी नपा जोड्ने सडक | २८५९३४६ | २००००० | ८५९३४६ | २०७५-११-१० | २०७६-०२-१५ | ६५०००० | |
| ५ | ढुंङ्गेघरबाट नेपालटोल सडक | १०००००० | ७००००० | ३००९०० | २०७५- | | | |
| ६ | पुष्पलाल पार्क बोसन सडक | ६२६७२३४.५१ | ५०००००० | १२६७२३४.५१ | २०७५-११-०७ | २०७६-०२-१५ | १६५००००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | सोंहखुट्टे पाटी र पार्क निर्माण, वडा नं ९ | २२०४००० | १९९०००० | २१४००० | २०७५-११-०८ | २०७६-०२-१५ | ६५६७०० | |
| ८ | चोभार कटुवाल गाउँ सडक मञ्जुश्री पार्क, वडा नं ६ | २८५९४०० | १९९०००० | ८६९४०० | २०७५-११-१९ | २०७६-०२-१५ | ६६०००० | |
| ९ | तामाङ्ग गाउँमा खानेपानी ट्याङ्की निर्माण | १६७५७०० | | | | | | टेन्डर प्रक्रियामा |
| १० | थापा गाउँमा खानेपानी ट्याङ्की निर्माण | १६७५७०० | | | | | | टेन्डर प्रक्रियामा |
| ११ | भूकम्पबाट क्षति ग्रस्त पाँगा मा.वि. पुननिर्माण अनुदान | ५८६००० | ४००००० | १८६००० | २०७५-१०-१० | २०७५-१२-१५ | | |
| १२ | चोभार - भाँजंगल वाटो विस्तार | ५०००००० | ४०००००० | १०००००० | २०७५-११-०८ | २०७६-०२-१५ | १३२०००० | |
| १३ | यँचो - भाजंगल वाकी खण्ड (क्रमागत) | ७८४५००० | ५४९१५०० | २३५३५०० | २०७५-११-०८ | २०७६-०२-१५ | १८००००० | |
| १४ | विश्वराष्ट्र मा.बि. हुँदै छुगाउँ दोवाटो सम्मको बाटो विस्तार तथा स्तरोन्नती | २००००००० | | | | | | टेन्डर प्रक्रियामा |
| | **जम्मा** | **५८०९२७८१** | **२५००९५००** | **८०३२७८१** | | | | |

### ➢ वडा स्तरीय योजनाहरुको विवरण

| **वडा नं** | **चालु योजना** | **सम्पन्न योजना** | **जम्मा** |
|---|---|---|---|
| १ | ३ | ० | ३ |
| २ | ४ | ० | ४ |
| ३ | ० | ० | ० |
| ४ | ४ | ० | ४ |
| ५ | १ | ० | १ |
| ६ | ० | ० | ० |
| ७ | ० | ० | ० |
| ८ | ३ | ० | ३ |
| ९ | २ | ० | ० |
| १० | १ | ० | १ |
| **जम्मा** | **१८** | **०** | **१८** |

## १०.२ नक्सा उप-शाखा

आ.व २०७५/०७६ को मिति २०७५/०९/२४ देखि २०७५/१०/२३ सम्म नक्सा पास भएको विवरण:

१. डि.पि.सी —५७ थान

२. भवन निर्माण ईजाजत प्रमाण पत्र —५४ थान

३. भवन निर्माण सम्पन्न प्रमाण पत्र —८० थान

४. नयाँ दर्ता —५६ थान

## १०.३ सूचना प्रविधि उप-शाखा

**फागुन महिनाको प्रगति**

- सामुदायिक विद्यालयहरु (१० वटा) मा ई-हाजिरी राखि सञ्चालनमा आएको ।
- दोस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरणको लागि रकम निकासा गरी, लाभग्राहिको विवरण बैकमा उपलव्ध गराएको र वितरणको प्रक्रिया शुरु भएको ।
- ढल्पा सल्यानस्थान जग्गा एकीकरण योजना (DPLPR) को EOI को अनलाईन ई-बोलपत्रहरु आह्वान गरी प्राप्त भएका प्रस्तावहरुको मुल्यांकन भैरहेको ।
- ढल्पा — छुगाँउ सडक फराकिलो र फुटपाथ निर्माणको लागि मिति २०७५/११/२३ मा ई-बोलपत्र आह्वान गरिएको ।
- अनुगमनका तस्विरहरु, कार्यप्रगतिहरुको विवरण, नगर कार्यपालिकाका निर्णयहरु वेवसाईट (www.kirtipurmun.gov.np), Facebook Page (facebook.com/kirtipurmun) आदी मार्फत सार्वजनिक गरिरहेको ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा प्रणालि (VERSP-MIS), सम्पत्ति कर प्रणाली, नक्सा पास प्रणालीमा आएका Bug हरु समाधान गरि नियमित रुपमा सञ्चालन भैरहेको ।
- तामांग गाउ र थापागाँउमा खानेपानी ट्यांकी निर्माणको लागी बोलपत्र आह्वान गरिएको ।

## ११. कानुन शाखा

(२०७५/१०/२५ देखि २०७५/११/२३ सम्मको प्रगति विवरण

| सि.न. | निबेदक/प्रतिबादी/वडानं. | मुद्दा | कैफियत |
|---|---|---|---|
| १ | नृपेन्द्र बस्नेत समेत बिमल बस्नेत-४ | निर्माण कार्य सम्पन अघि बढाऊने। | निर्णय भई मिसिल नक्शा शाखामा । |
| २ | सलिसा महर्जन/सरोज महर्जन-१ | जन्म दर्ता गरी पाऊ | आदेश भई मिसिल वडामा |
| ३ | बाबुराजा महर्जन समेत-५ | शे.ब.दा.खा.को लागि सिफारिस पाऊं । | निर्णय भई कारबाहिको लागि राय सहितवडामा चलानी। |
| ४ | बिनोद पाण्दे/दिपक थापा समेत-६ | जग्गाको भोग चलन बिबाद समाधन गरिपाऊ । | आदेशानुसार बिपक्षीहरु लाई म्याद सूचना जारी। |
| ५ | राजन लामा/बसुन्धरा दर्शणधारी समेत-३ | भत्काई पाऊ । | बिपक्षीलाई म्याद जारी र प्रतिबेदनकोलागि नक्शामा |
| ६ | पुरुषोतम सिग्देल समेत/राजेन्द्र थापा-४ | कम्पाउण्डवाल रोक्का गरिपाऊ। | प्राबिधिक प्रतिबेदनको लागिप्राबिधिक शाखामा। |
| ७ | ४ नंवडा /लक्ष्मी प्रसाद पोखरेल समेत-४ | पर्खाल निर्माण रोक्का। | प्राबिधिक प्रतिबेदनको लागि प्राबिधिक शाखामा। |
| ८ | स्वर्णिम सौगात बचत ऋण सहकारी सस्था लि.- | राय सुझाब उपलब्ध गराई पाऊ । | रायको लागी कानून सल्लाकारमा । |

| | | | |
|---|---|---|---|
| ९ | अमिर देऊला-९ | राय उपलब्ध गराई पाऊ । | रायको लागी कानून सल्लाकारमा । |
| १० | ईन्द्रमाया तण्दुकार/भिमसेन राईस मिल-२ | घर खिचोला | घरजग्गा तिरोको दर्ता श्रेस्ता का.जि.अ.पठाईएको |
| ११ | अख्तियार दु.अ.आयोग | निर्णय कार्यान्वयन | ४ नं वडाबाट बुझि पठाइएको । |
| १२ | माधब प्र. खनाल/लक्ष्मण प्र. खनाल-४ | पूरा बाटो खुलाई पाऊ । | दर्ता भई कारबाहिमा । |
| १३ | ७ नं वडा/जितेन्द्र महर्जन-७ | मापदण्ड बिपरितको घर निर्माण रोक्का। | टप भत्काउने निर्णय भई बिपक्षीलाई पुनराबेदन म्याद जारी । |
| १४ | कृष्ण कुमारी महर्जन/गोरी महर्जन-५ | सार्बजनिक जग्गा मिचि बनाएको निर्माण कार्य रोक्का | निर्माण रोक्का गर्न बिपक्षीलाई म्याद जारी । |
| १५ | शुभरत्न बज्राचार्य/लिला महर्जन-१० | निर्माण कार्य रोक्का | निर्माण रोक्का गर्न बिपक्षीलाई म्याद जारी । |
| १६ | जीतनारायण श्रेष्ठ/कीर्तिपुर न.पा.समेत | निषेधाज्ञा | छलफलको लागी उच्च अदालत पाटनमा हाजिर। |

*जम्मा-१६निर्णय-५ चालू-११*

## १२. पुननिर्माण शाखा

| वडा नं | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | कुल संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लाभग्राहि संख्या | 112 | 88 | 206 | 509 | 254 | 757 | 118 | 258 | 120 | 239 | **2661** |
| सम्झौता सम्पन्न | 106 | 77 | 94 | 116 | 128 | 62 | 182 | 205 | 127 | 123 | **1220** |
| गुनासो फछ्र्यौट पछिको लाभग्राहि संख्या | 2 | 5 | | | 4 | 2 | | | 14 | 13 | **40** |
| गुनासो फछ्र्यौट पछि सम्झौता सम्पन्न | 1 | 2 | | | 4 | 1 | | | 14 | 13 | **35** |
| जम्मा लाभग्राहि संख्या | 114 | 93 | 212 | 517 | 317 | 823 | 129 | 285 | 140 | 239 | **2869** |
| सम्झौता सम्पन्न | 107 | 79 | 195 | 444 | 280 | 730 | 103 | 277 | 118 | 211 | **2544** |
| पहिलो किस्ता बितरण भएको संख्या | 103 | 71 | 188 | 434 | 211 | 674 | 96 | 217 | 96 | 199 | **2289** |
| गुनासो फछ्र्यौट पछि पहिलो किस्ता बितरण भएको संख्या | 1 | 2 | 5 | 6 | 58 | 54 | 10 | 26 | 7 | 0 | **169** |
| जम्मा पहिलो किस्ता बितरण भएको संख्या | 104 | 73 | 193 | 440 | 269 | 728 | 106 | 243 | 103 | 199 | **2458** |
| दोस्रो किस्ता माग भएको संख्या | 49 | 27 | 62 | 208 | 103 | 232 | 47 | 103 | 57 | 60 | **948** |
| दोस्रो किस्ताको लागि निरिक्षण भएको संख्या | 49 | 27 | 61 | 204 | 104 | 232 | 46 | 103 | 57 | 60 | **943** |
| दोस्रो किस्ताको लागि सिफारिस भएको संख्या | 47 | 27 | 59 | 203 | 104 | 232 | 46 | 102 | 57 | 60 | **937** |
| दोस्रो किस्ता सिफारिस हुन नसक्ने भएको संख्या | 2 | 0 | 2 | 1 | 0 | 0 | 0 | 1 | 0 | 0 | **6** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दोस्रो किस्ता रकम वितरण भएको संख्या | 45 | 22 | 57 | 192 | 96 | 213 | 46 | 95 | 55 | 57 | **878** |
| तेस्रो किस्ता माग भएको संख्या | 41 | 21 | 55 | 187 | 93 | 195 | 44 | 82 | 47 | 48 | **813** |
| तेस्रो किस्ताको लागि निरिक्षण भएको संख्या | 41 | 20 | 55 | 183 | 93 | 193 | 42 | 83 | 45 | 48 | **803** |
| तेस्रो किस्ताको लागि सिफारिस भएको संख्या | 39 | 16 | 51 | 180 | 90 | 186 | 39 | 78 | 42 | 46 | **767** |
| तेस्रो किस्ता सिफारिस हुन नसक्ने भएको संख्या | 2 | 4 | 4 | 3 | 3 | 7 | 3 | 5 | 3 | 2 | **36** |
| तेस्रो किस्ता रकम वितरण भएको संख्या | 34 | 15 | 45 | 164 | 83 | 186 | 37 | 70 | 41 | 35 | **710** |
| आफुखुशी निर्माण भएका घरधनीले रकम माग गरेको संख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| गुनासो | 51 | 48 | 78 | 162 | 152 | 177 | 102 | 246 | 65 | 110 | **1191** |